# मिति २०७९/०५/२३ गते बिहिबार, १२६ औं कार्यपालिका बैठक

## प्रस्तावहरुः

१. प्रमुख प्रशासकीय अधिकृतज्यूको स्वागत सम्बन्धमा ।
२. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
३. करार सम्झौता सम्बन्धमा ।
४. रासन भत्ता उपलब्ध गराउने सम्बन्धमा ।
५. गणकहरुको सेवा सुविधा वृद्धि गर्ने सम्बन्धमा ।
६. ऋण सम्झौतामा धनजमानीमा बस्ने सम्बन्धमा ।
७. स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समितिमा सदस्य चयन सम्बन्धमा ।
८. वडा नं. १७ भैसाही कुलोमाथि निर्माण भएको बाटो सम्बन्धमा ।
९. सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१०. विद्यालयको नाममा जग्गा नामसारी गर्ने सम्बन्धमा ।(वडा नं. १९)
११. राप्ती आँखा अस्पताल तुलसीपुरसँग मोतिबिन्दु शल्यक्रिया कार्यक्रमको सम्झौता सम्बन्धमा ।
१२. कार्यविधि संशोधन तथा पारित सम्बन्धमा ।
१३. आर्थिक सहयोग सम्बन्धमा

- १३.१ मुक्त कमैया समाज घोराही दाङ
- १३.२ राष्ट्रिय थारु कलाकार मञ्च जिल्ला समिति दाङको अत्वारी विशेष कार्यक्रम ।
- १३.३ नेपाल प्रेस युनियन जिल्ला शाखा दाङ ।
- १३.४ नेवार सेवा समितिलाई विभिन्न पर्व जात्रा मनाउन ।
- १३.५ राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र ।
- १३.६ दाङ मार्सल आर्टस हाप्किडो संघ ।
- १३.७ अखण्ड परमधाम गंगा आश्रम घोराही दाङ ।
- १३.८ महिला स्वयंसेविका ट्रेड युनियन महासंघ(जिफन्ट) ।
- १३.९ वडा नं. ११ बस्ने वईमा रोका क्षेत्रीलाई औषधी उपचार खर्च ।
- १३.१० नेपाल निजामती कर्मचारी संगठन ।
- १३.११ एम्बुलेन्स भाडा ।
- १३.१२ नेपाल मगर संघ ।
- १३.१३ नेपाल ज्योतिष परिषद ।
- १३.१४ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)

१४. जग्गा मुआब्जा सम्बन्धमा ।

१५. सुरक्षित आप्रवासन(सामी) कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको करार अवधि थप गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

मिति २०७९।०४।०६ गते यस उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा हाजिर हुनुभएका नेपाल सरकारका सहसचिव (रा.प.प्रथम श्रेणी) श्री लक्ष्मी प्रसाद भट्टराईज्यूलाई स्वागत गर्नुका साथै उहाँको सफल कार्यकालको कामना गरियो ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकामा करार सेवामा कार्यरत प्रेस संयोजक श्री निम बहादुर घर्ती र कानूनी सल्लाहकार श्री भूप बहादुर के.सी., स्वीकृत दरबन्दीको परिधि भित्र रहेका इन्जिनियरिङ सेवातर्फका प्राविधिक कर्मचारी, नगर प्रहरी, सरसफाई कर्मचारी र श्रेणी विहीन कर्मचारी, गरिबसँग विश्वश्वर कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारी, प्रधानमन्त्री रोजगार कार्यक्रम, लघुउद्यम विकास कार्यक्रम, सामाजिक सुरक्षा तथा घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत एम.आई.एस अपरेटर र फिल्ड सहायकहरुको को २०७९ श्रावण १ गतेदेखि लागू हुने गरी ६(छ) महिनाका लागि करार अवधि थप गर्ने । भूमि व्यवस्थापन सेवा इकाईमा कार्यरत कर्मचारी र विगतदेखि यस घोराही उपमहानगरपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत अन्य अप्राविधिक कर्मचारीहरुको हकमा यस उपमहानगरपालिकाको स्वीकृत दरबन्दीको सीमा भित्र रही दैनिक ज्यालादारीमा कामकाज लगाउने । साथै दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई अन्य स्थायी तथा करार कर्मचारी सरह पोशाक भत्ता तथा चाडबाँड खर्च आ.व. २०७९/०८०देखि लागू हुने गरी उपलब्ध गराउने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकामा सेक्युरिटी गार्डको पदमा कार्यरत कर्मचारी फर्स बहादुर भण्डारी र माधव वलीले आफु यस कार्यालयमा २४ घण्टा डिउटीमा खटिनु पर्ने भएकोले रासन भत्ता उपलब्ध गराइदिनुहुन भनि मिति २०७९।०५।१५ गते यस कार्यालयमा निवेदन पेश गर्नु भएकोले आगामी आ.व. ०७९/०८०देखि लागू हुने गरी उहाँहरुलाई रासन भत्ता वापत मासिक रु.५,०००।– (पाँच हजार मात्र) उपलब्ध गराउने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको मिति २०७९।०२।२९ गते बसेको १२२औं कार्यपालिका बैठकको निर्णयअनुसार एकिकृत स्थानीय तह वस्तुस्थिति तयार गर्न तथ्याङ्क संकलनका लागि प्रति घरधुरी सर्वेक्षण गरेवापत रु. ५० पारिश्रमिक उपलब्ध गराउने गरी वडा समितिको सिफारिसमा प्रत्येक वडामा न्युनतम २ जना गणक करार गरी तथ्यांक संकलन गर्ने निर्णय भएकोमा अधिकांस गणकहरुले कार्य अनुसारको पारिश्रमिक नभएको भनि छनौट भएका गणकहरुले राजिनामा दिएको साथै कतिपयले पारिश्रमिक पढाइदिनुहुन भनि यस कार्यालयमा निवेदन दिनुभएकोले उहाँहरुलाई गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ मा उल्लेख भए अनुरुप रु.८०।- प्रति घरधुरी तथ्यांक संकलन गरे वापत पारिश्रमिक उपलब्ध गराउने ।

**निर्णय नं. ६**

घोराही खानेपानी उपभोक्ता तथा सरसफाई संस्था घोराही दाङले घोराही सहलगानी खानेपानी तथा सरसफाई आयोजना शीर्षकबाट बबईको पानी लिफ्ट गरी यस क्षेत्रमा वितरण गर्ने लक्ष्य अनुरुप आयोजनाको ठेक्का सम्झौता भएको र घोराही खानेपानी उपभोक्ता तथा सरसफाई संस्था घोराही दाङले उक्त आयोजना सम्पन्न गर्न लाग्ने कुल लागतको ३०% ले हुन आउने रकम व्यहोर्नु पर्ने भएको हुँदा उक्त रकम उपभोक्ता संस्थाले नगर विकास कोषबाट ऋण माग गर्ने निर्णय गरेकोमा कोष र उपभोक्ता संस्था विच हुने ऋण सम्झौतामा धन जमानीमा साक्षी बसिदिनुहुन भनि उपभोक्ता संस्थाको च.नं. १२, मिति २०७९।०४।२० गतेको पत्रबाट अनुरोध भई आएकोले कोष र उपभोक्ता संस्था विच हुने ऋण सम्झौतामा धनजमानीमा घोराही उपमहानगरपालिका बस्ने साथै उक्त ऋण सम्झौता धनजमानीमा साक्षीको रुपमा हस्ताक्षर गर्न यस उपमहानगरपालिकाका नगरप्रमुख श्री नरुलाल चौधरीज्यूलाई अख्तियार दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

सामाजिक सुरक्षा भत्ता अनिवार्यरुपमा बैंकिङ प्रणाली मार्फत वितरण गर्ने सन्दर्भमा आइपर्ने समस्याहरुको समाधानका लागि "स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ समस्या समाधान तथा सहजीकरण समिति" गठन गर्ने गृह मन्त्रालयको मिति २०७८।१२।०७ (सचिवस्तर)को निर्णय अनुसार यस घोराही उपमहानगरपालिकामा रहने उक्त समितिमा स्थानीय प्रतिनिधिको (एक जना महिला र एक जना पुरुष)रुपमा तपसिल बमोजिमका सदस्य चयन गर्ने ।

**तपसिल**

१. सामाजिक विकास समितिका संयोजक श्री राममणी पाण्डेय
२. कार्यपालिका सदस्य श्री पवित्रा विश्वकर्मा

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका वडा नं. १७ घोराही लमही सडक खण्डबाट दक्षिणतर्फ पर्ने नेपाल सरकारको स्वामित्वमा रहेको वर्षौदेखि सिंचाई उपलब्ध गराइरहेको ओखरे कुलोमा कुलो सञ्चालन समितिको सहमतिमा स्थानीयहरुले आफ्नै लगानीमा १२०० एम.एम. गोलाईका ९० मी. लम्बाईमा ह्युमपाईप विछ्याई कुलाको प्राकृतिक बहाव अवरुद्ध नहुने गरी संरचना निर्माण गरेको, मेनहोल समेत राखि मर्मत सम्हार गर्ने व्यवस्था गरेको, साविक कुलोको भू-भाग साँघुरो गल्छी जस्तो भएको, बेला बेला टेक्टर दुर्घटना हुने गरेकाले खेतीपाती गर्न र बाली भित्र्याउन समेत स्थानीयलाई अफ्ठेरो भएकोमा हाल सो समस्या उपमहानगरपालिकाको लगानी विना नै कुलोको पानी निकासमा समस्या नपर्ने गरी संरचना निर्माण भएको बुझिन आएकाले छिटपुट केही व्यक्तिहरुको स्वार्थ र प्रतिशोधको कारण विरोध भएतापनि वातावरणमा प्रतिकुल असर नपरेको, सुरक्षामा थप ध्यान पुर्याइएको र कुलो पानी सुचारु भैरहेको अवस्था साइट निरिक्षण गर्दा देखिएकोले सम्बन्धीत निकायलाई सोसँग सम्बन्धीत विषयमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको मिति २०७९।०४।२६ गते बसेको वातावरण तथा विपद व्यवस्थापन समितिको तपसिल बमोजिमका निर्णय अनुमोदन गर्ने ।

९.१ आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिका र निजि क्षेत्रको साझेदारीमा घुम्ती शौचालय निर्माण गर्न यस सरसफाई व्यवस्थापन शाखा अन्तर्गत रहेको विनियोजित जम्मा बजेट रु.५,००,०००(अक्षरुपीः पाँच लाख रुपैयाँ मात्र) बाट तुलसीपुर चोकको आसपास क्षेत्रमा घुम्ती शौचालय निर्माणका लागि १५ दिने सूचना प्रकाशित गर्ने ।

९.२ आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिका वडा नं. १६ करौतीडाँडा ल्याण्डफिल साईट भित्रका घाँसपात तथा सरसफाई गाडीले उठाएको नगल्ने फोहर वार्षिक रुपमा रु.१,००,०००(अक्षरुपीः एक लाख रुपैयाँ मात्र)नघट्ने गरी ठेक्का दिने सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. १०**

**१०.१** घोराही उपमहानगरपालिकाको वडा नं. १९ स्थित श्री भूमि आधारभुत विद्यालय बाम्लालाई विद्यालयको उत्तरतर्फ रहेको साविका सैघा ७ च को कित्ता नं. २२९ को क्षेत्रफल ५०८.७४ व.मि. रहेको जग्गा निःशुल्क विद्यालयको नाममा जग्गा दान दिन जग्गा धनी श्री कुमानन्द पुन मगर इच्छुक हुनभएकोले सो जग्गा विद्यालयको नाममा नामसारीका लागि सिफारिस गरिदिनुहुन भनि श्री भूमी आधारभूत विद्यालय बाम्लाको च.नं. ६१, मिति २०७९।०४।१६ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त जग्गा विद्यालयको नाममा नामसारीका लागि भूमि सुधार तथा मालपोत कार्यालय घोराही दाङमा सिफारिस गर्ने ।

**१०.२** घोराही उपमहानगरपालिकाको वडा नं. १९ स्थित श्री अन्तराष्ट्रिय युवा वर्ष विद्यालय तोषलाई विद्यालयको उत्तरतर्फ रहेको कित्ता नं. २५० सैघा २(ख) क्षेत्रफल ३७.५० वर्ग मिटरको रहेको जग्गा विद्यालयलाई निःशुल्क जग्गा दान दिन जग्गा धनी श्री चेतलाल भण्डारीले इच्छुक भएकोले सो जग्गा विद्यालयको नाममा नामसारीका लागि सिफारिस गरिदिनुहुन भनि श्री अन्तराष्ट्रिय युवा वर्ष विद्यालय तोषको च.नं. ८४, मिति २०७९।०१।०४ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त जग्गा विद्यालयको नाममा नामसारीका लागि भूमि सुधार तथा मालपोत कार्यालय घोराही दाङमा सिफारिस गर्ने ।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकामा नेपाल नेत्रज्योति संघ, राप्ती आँखा अस्पताल तुल्सीपुर रक्षाचौरले यस कार्यालयमा पेश गरेको प्रस्ताव उज्यालो कार्यक्रम अन्तर्गत मोतिबिन्दुको शल्यक्रिया कार्यक्रम संचालनका लागि सम्पूर्ण प्राविधिक सहयोग राप्ती आँखा अस्पताल तुलसीपुरले गर्ने र प्रति मोतिबिन्दु शल्यक्रिया वापत रु. ८०००।– (आठ हजार मात्र) घोराही उपमहानगरपालिकाले व्यहोर्ने गरी राप्ती आँखा अस्पताल तुलसीपुरसँग सहमति गर्ने ।

**निर्णय नं.१२**

घोराही उपमहानगरपालिकाका विभिन्न शाखाबाट पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने ।

१. घोराही उपमहानगरपालिकाको यान्त्रिक तथा सवारी साधनको संचालन सम्बन्धी कार्यविधि, २०७९
२. घोराही उपमहानगरपालिकाको योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९
३. सुरक्षित आप्रवासन व्यवस्था सम्बन्धी कार्यविधि, २०७९
४. समाज कल्याणका क्षेत्रमा काम गर्ने संस्थालाई दिइने अनुदान निर्देशिका, २०७५ (संशोधन २०७९)
५. नगर प्रमुख  रक्तदान सम्बन्धी कार्यविधि, २०७९
६. विद्यालयका लागि दिइने अनुदान सम्बन्धी कार्यविधि, २०७९
७. जेष्ठ नागरिक स्वास्थ्य उपचार तथा परामर्श कार्यविधि, २०७९
८. घोराही उपमहानगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५(संशोधन २०७९)

**निर्णय नं. १३**

**१३.१** मुक्त कमैया समाज दाङ्गको आयोजनामा मिति २०७९ साउन २ गते २२ औं मुक्ति दिवस कार्यक्रमका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि मुक्त कमैया समाज घोराही दाङको च.नं. ५६, मिति २०७९।०३।३० गतेको पत्रबाट अनुरोध भई आएकोले मुक्त कमैया समाज घोराही दाङ्गलाई उक्त कार्यक्रम संचालनका लागि सहयोग स्वरुप रु. १०,०००।– (दश हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**१३.२** दाङ जिल्लामा रहेका थारु जातिहरुको संस्कृति संरक्षण र प्रवर्द्धनका लागि यहि मिति २०७९ भदौ १० गते **अष्टिम्की गीत संरक्षण ओ अत्वारी  विशेष साँस्कृतिक** कार्यक्रम संचालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि राष्ट्रिय थारु कलाकार मञ्च, दाङको मिति २०७९।०४।१६ गते यस कार्यालयमा निवेदन दिनुभएकोले उक्त साँकृतिक कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय थारु कलाकार मञ्च दाङलाई सहयोग स्वरुप रु.२५,०००।– (पच्चीस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**१३.३** लोकतन्त्रवादी पत्रकारहरुको संगठन नेपाल प्रेस युनियनको महाधिवेशन मिति २०७९।०४।६ र ७ गते बाग्मती प्रदेशको राजधानी हेटौडामा हुन गइरहेकोले उक्त महाधिवेशनमा सहभागि हुन यस दाङ जिल्लाबाट ४५ जना भन्दा पत्रकारहरु जानुपर्ने भएकोले उक्त कार्यक्रममा जान आउनका लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गरिदिनुहुन भनि नेपाल प्रेस युनियन जिल्ला शाखा दाङको च.नं. २८ मिति २०७९।०३।१९ गतेको पत्रबाट अनुरोध भई आएकोले नेपाल प्रेस युनियन जिल्ला शाखा दाङलाई सहयोग स्वरुप रु. २०,०००।– (बिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

१३.४ नेवार सेवा समिति दाङको आयोजनामा नेवारी परम्परा कला संस्कृति र रिति रिवाजको संरक्षण र सम्बर्धनका लागि विभिन्न पर्वहरु गठे मंगल लाखे नाच गाई जात्रा दही जात्रा र रोपाई जात्रा मनाउने कार्यक्रम रहेकोले उक्त कार्यक्रम संचालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि समितिको च.नं. ०३ मिति २०७९।०४।२२ गतेको पत्रबाट अनुरोध भई आएकोले उल्लेखित पर्व जात्रा मनाउन नेवार सेवा समिति दाङलाई रु. २५,०००।–(पच्चीस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**१३.५** राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र बेलझुण्डी दाङको आयोजनामा मिति २०७९ असोज ७ र ८ गते दुईदिने राष्ट्रिय साँस्कृतिक संगोष्ठी कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रम सम्पन्न गर्न आर्थिक सहयोग गरिदिनुहुन भनि केन्द्रको च.नं. १७ मिति २०७९।०५।१२ गतेको पत्रबाट अनुरोध भई आएकोले केन्द्रलाई आर्थिक सहयोग स्वरुप रु. ४०,०००।–(चालिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

१३.६ दाङ मार्शल आर्टस हाप्किडो संघले मिति २०७९ भदौ १७देखि १९ गतेसम्म पहिलो दाङ जिल्ला विद्यालयस्तरीय हाप्किडो च्याम्पियनशिप प्रतियोगिता संचालन गर्न गइरहेकोले उक्त प्रतियोगिता संचालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि संघको च.नं. ४६ मिति २०७९।०५।१३ गते पत्रबाट अनुरोध भई आएकोले संघलाई आर्थिक सहयोग स्वरुप रु. ५०,०००।–(पचास हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

१३.७ अखण्ड परमधाम गंगा आश्रम घोराही उपमहानगरपालिका वडा नं. ८ ले मानव सेवाको क्षेत्रमा समर्पित रहदै समाज कल्याण आर्थिक कोष स्थापना तथा भोजनालय भवन निर्माणका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि आश्रमको च.नं. ५ मिति २०७९।०३।०५ गतेको पत्रबाट अनुरोध भई आएकोले आश्रमलाई आर्थिक सहयोग स्वरुप रु. ५०,०००-(पचास हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा सांस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

१३.८ मिति २०७९।०४।०७ गते भएको ट्रेड युनियन महासंघ(जिफन्ट)को केन्द्रीय अधिवेशनमा सहभागी हुन दाङबाट ६ जना महिला स्वयंसेविका काठमाण्डौ गएको हुँदा उक्त कार्यक्रममा जान आउन लागेको खर्च सहयोग गरिदिनुहुन भनि निवेदक माया चौधरी (महिला स्वयंसेविका)ले मिति २०७९।०४।१३ गते यस कार्यालयमा निवेदन दिनुभएकोले उहाँलाई गाडी भाडा, खाना, खाजा नास्ता बापत बिल भर्पाई अनुसारको रकम रु. २२,९००।–(बाइस हजार नौ सय) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

१३.९ घोराही उपमहानगरपालिका वडा नं. ११ विजय उत्सव टोल बस्ने बईमा रोका क्षेत्रीको मुख क्यान्सर भएको र उहाँको आर्थिक अवस्था समेत कमजोर रहेकोले औषधी उपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि ११ नं. वडा कार्यालयको च.नं. २०६, मिति २०७९।०४।२४ गतेको पत्रबाट सिफारिस साथ अनुरोध भई आएकोले उहाँ(बईमा रोका क्षेत्री)लाई स्वास्थ्य उपचारको लागि घोराही उपमहानगरपालिकाको सामाजिक सुरक्षा शीर्षकबाट रु.१०,०००।–(दश हजार) उपलब्ध गराउने ।

१३.१० नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश कार्यसमिति बुटवलको प्रथम प्रदेश अधिवेशन २०७९ सञ्चालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि प्रदेश कार्य समिति बुटवलको च.नं. ११३, मिति २०७९।०२।०६ गतेको पत्रबाट अनुरोध गर्नुभएकोले नेपाल निजामती कर्मचारी संगठन, प्रदेश कार्य समिति बुटवललाई आर्थिक सहायता स्वरुप रु. २५,०००।– (पच्चिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट  उपलब्ध गराउने ।

१३.११ घोराही उपमहानगरपालिका वडा नं. १६ बस्ने स्यानु चौधरी कालाजार बिरामी भई काठमाण्डौमा उपचारको क्रममा मृत्यू भएको र उहाँको लास काठमाण्डौबाट घोराही ल्याउदा लागेको एम्बुलेन्स भाडा वापतको रकम मेरो आर्थिक अवस्था कमजोर रहेकाले तिर्न नसकेको हुँदा आर्थिक सहायताका लागि १६ नं. वडा कार्यालयको च.नं. ८५३६, मिति २०७९।०२।२३ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उहाँलाई(लाल कुमारी पुरी) एम्बुलेन्स भाडा वापत सहयोग स्वरुप रु. २५,०००।– (पच्चीस हजार) बिल भर्पाई अनुसार घोराही उपमहानगरपालिकाको समाजिक सुरक्षा शीर्षकबाट उपलब्ध गराउने ।

१३.१२ २०७९ सालको मगरहरुको महान सांस्कृतिक पर्व भूम्या चाड सांस्कृतिक रुपमा मनाउने भएकोले उक्त कार्यक्रमका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि नेपाल मगर संघ नगर कार्यसमिति घोराही दाङ को च.नं. १०२, मिति २०७९।०२।०९ गते पत्रबाट अनुरोध भई आएकोले उक्त सांस्कृतिक कार्यक्रम संचालनार्थ रकम रु. ४०,०००।– (चालिस हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा सांस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

१३.१३ नेपाल ज्योतिष परिषद्को लुम्बिनी प्रदेशको दोस्रो अधिवेशन २०७९ घोराही उपमहानगरपालिकाको वडा नं. १० अम्राइमा रहेको फन भ्याली प्रा.ली.मा मिति २०७९ असार ३१ गते हुने भएकोले उक्त कार्यक्रम संचालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि नेपाल ज्योतिष परिषदबाट मिति २०७९।०३।२० गते यस कार्यालयमा निवेदन दिनु भएकोले उक्त कार्यक्रम संचालनका लागि सहयोग स्वरुप रु. ३०,०००।– (तिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

१३.१४ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)ले २०७९ असार १२, १३,१४ गते काठमाण्डौमा सम्पन्न हुने विशेष राष्ट्रिय भेलाका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि मिति २०७९।०२।२७ गते यस कार्यालयमा निवेदन दिनुभएकोले  ले अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) केन्द्रिय समिति लाई सहयोग स्वरुप रु. ३०,०००।– (तिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका वडा नं. ४मा अवस्थित प्राथमिक स्वास्थ्य चौकीलाई स्तरवृद्धि गरी १५ सैयाको अस्पताल बनाउने नेपाल सरकारको नीति अनुरुप नेपाल सरकारको नाममा रहेको साविक लक्ष्मीपुर ७ क कि.नं. १०४ ज.वि. १-०-० भएकोमा उक्त जग्गाको करिब ०-४-० जग्गामा शिव पोखेलले घर  तथा कुवा निर्माण गरी विगतदेखि प्रयोग गर्दै आउनुभएकोले उहाँले निर्माण गरेको घर, कुवा र चर्चेको जग्गाको मूल्याङ्कन गरी मुआब्जा उपलब्ध गराइदिनुहुन भनि वडा नं. ४ को च.नं. ४४५, मिति २०७९।०५।२२ गतेको सिफारिस पत्रबाट अनुरोध भई आएकोले उहाँले(शिवराज पोखेल) निर्माण गरेको घर, कुवा र चर्चेको जग्गाको प्राविधिक मूल्याङ्कन गरी मुआब्जा उपलब्ध गराउने ।

निर्णय नं. १५

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत यस उपमहानगरपालिकामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको आ.व. २०७८/०७९को कार्यसम्पादन तथा कार्य क्षमताको मूल्याङ्कनको आधारमा मिति २०७९।४।१ गतेदेखि लागू हुनेगरी कार्यक्रमले तोके बमोजिमको सेवा सुविधा कार्यक्रमकै बजेट शिर्षकबाट भुक्तानी हुने गरी तपसिलमा उल्लेख भए अनुसार करार अवधि थप गर्ने ।

**तपसिलः**

| क्र.सं. | कर्मचारीको नाम | पद | करार अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वसन्ती पुन | परियोजना संयोजक | ६ महिना | |
| २ | प्रभात रोका मगर | सामाजिक परिचालक अधिकृत | ६ महिना | |
| ३ | रीता लामा | आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता | ६ महिना | |
| ४ | अनिता सुवेदी | आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता | ६ महिना | |
| ५ | सुशिला आचार्य | मनोसामाजिक परामर्शकर्ता | ६ महिना | |
| ६ | रमा शर्मा | वित्तिय साक्षरता सहजकर्ता | ६ महिना | |
| ७ | मिरा डि.सी. | रिटनी स्वयंम सेवक | ६ महिना | |
| ८ | हेमराज बुढाथोकी | रिटनी स्वयंसेवक | ६ महिना | |
| ९ | नोखीराम के.सी. | रिटनी स्वयंसेवक | २ महिना | |